**गढवा गाउँपालिका**

**देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल**

# स्थानीय राजपत्र

**स्थानीय सरकार द्वारा प्रकाशित**

**खण्ड : ७ माघ २३ गते, २०८० साल, संख्या : ३**

## भाग - २

### गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# गढवा गाँउपालिकाको नगर प्रहरी नियमावली २०८०

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (ख) ले दिएको अधिकार प्रयोग गरी गढवा गाउँपालिकाको नगर प्रहरी ऐन २०७९ को दफा १८ को अधिनमा रहि गढवा गाँउकार्यपालिकाले यो नगर प्रहरी नियमावली २०८० बनाई लागू गरेको छ ।

## परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निमावलीको नाम “गढवा गाँउपालिकाको नगर प्रहरी नियमावली २०८०” रहेको छ ।

ख) यो नियमावली गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित गरेपछि लागू हुनेछ ।

२. **परिभाषा :** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः–

क) "ऐन" भन्नाले स्थानीय स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "गाँउपालिका" भन्नाले गढवा गाँउपालिकालाई सम्झनु पर्दछ ।

ग) " गाउँकार्यपालिका" भन्नाले गढवा गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "मुख्य कार्यालय" भन्नाले गाँउकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले गढवा गाँउपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ ।

च) "नगर प्रहरी" भन्नाले गढवा गाँउपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

छ) "पद" भन्नाले म्याद नतोकिएको गाँउपालिकाको गाउँसभाद्धारा स्वीकृत पदलाई सम्झनु पर्दछ ।

ज) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे, वज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरालाई समेत जनाउँछ ।

झ) "भत्ता" भन्नाले गढवा गाँउपालिकाले समय समयमा तोकिदिए वमोजिमको भत्तालाई सम्झनु पर्दछ ।

ञ) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्ष श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ ।

ट) "सभा" भन्नाले गढवा गाँउपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

ठ) "कार्यकारी अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

ड) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले गाँउपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

ढ) जवान भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

ण) नगर प्रहरी कर्मचारी भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई सम्झनुपर्छ ।

### ३) नियमावलीको व्याख्या गाँउपालिकाले गर्ने :

क) कुनै अधिकारीले यस नियमावलीको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले गाउँकार्यपालिका समक्ष निवेदन दिन सक्नेछ ।

ख) नियम ३ (क) को सम्वन्धमा गाँउकार्यपालिकाले निवेदन परेको मितिले ३० दिन भित्रमा निर्णय गरिसक्नु पर्नेछ ।

## परिच्छेद -२

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

### ४) नगर प्रहरी सेवाको गठन :

क) गाँउपालिकामा एक नगर प्रहरी सेवा समुह रहने छ । नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या गाउँपालिकाको संगठन सर्वेक्षण प्रतिवेदनले तोके बमोजिम हुनेछ ।

**५) गाँउपालिकामा रहने नगर प्रहरीको पद र तहः**

१) गाउँसभाले तोकेको पद र तह रहनेछन ।

२) गाँउपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउनेछ र त्यस्तो कार्य विवरणमा सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

# परिच्छेद - ३

## नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार

**६) नगर प्रहरी कर्मचारीको कर्तव्य र अधिकार :**

(१) सार्वजनिक आवागमनमा बाधा पुऱ्याई राखेका निर्माण सामाग्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्वन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(२) गाँउपालिका क्षेत्रभित्र दैनिक उत्पादन हुने फोहरमैला निर्धारित समय र स्थानमा राख्न लगाई कानुन बमोजिम कारवाही गर्न पेश गर्ने ।

(३) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी न्यायिक/अनुगमन समिति मार्फत निर्णय गर्ने अधिकारी समक्ष प्रतिवेदन पेश गर्ने । भत्काउने आदेश भएमा भत्काउने ।

(४) गाँउपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्शापास भए नक्शापासको प्रमाण पत्र सहितको प्रतिवेदन अनुगमन समिति मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(५) छाडा पशु पक्राउ गरी लिलाम गर्ने । लिलाम हुन नसकेका छाडा पशु व्यवस्थापन गर्ने, गराउने ।

(६) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने । तोकिएको मापदण्ड विपरित सडेगलेका हानिकार चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय साथ पेश गर्ने ।

(७) कानूनले निषेध गरेका पशुपंक्षी, जीव जन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जीवजन्तुका मासु बिक्रि वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय साथ पेश गर्ने ।

(८) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाडन लगाउने ।

(९) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१०) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने गराउने ।

(११) गाँउपालिकाको गाउँकार्यपालिका, विषयगत समिति, उपसमिति, शाखा तथा उपशाखाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(१२) पालिकाको सुव्यवस्था कायम गर्ने, गाँउपालिकाको चल, अचल सम्पत्ति, भवन, जग्गा, पार्क, मेशिन, उपकरण आदिको सुरक्षा गर्ने ।

(१३) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नवीकरण गर्न लगाउने ।

(१४) गढवा गाँउपालिका क्षेत्रमा भित्ते लेखन, पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचारप्रसार सामाग्री तथा पोष्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिवन्ध लगाउने अटेर गर्नेलाई जरिवाना सहित कारवाही गर्ने ।

(१५) विना ईजाजत व्यानर, होडिङ्ग वोर्ड, ग्लोबोर्ड, नियोनसाईन लगायतका अन्य विज्ञापन सामाग्री राखेको पाईएमा पक्राउ गरी ईजाजत लिन लगाउने नमानेमा जरिवाना गर्ने ।

(१६) गाँउपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा गाँउपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(१७) नापतौलका सामाग्रीको चेक जाँच गर्ने, पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(१८) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(१९) गाँउपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२०) गढवागाँउपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिको बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

(२१) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

(२२) शहरमा ध्वनी, धुँवा, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

(२३) गढवा गाँउपालिका क्षेत्र भित्रका निजी सुरक्षा गार्ड आपूर्ति व्यवसाय सञ्चालन गर्ने फर्म, कम्पनी सञ्चालकहरुको सूची तयार गरी लगत राख्ने र निजहरुको अनुगमन गर्ने ।

(२४) दमकल (Fire Brigade)सेवालाई २४ सैं घण्टा चुस्त र दुरुस्त राखी माग भएको ठाँउमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

(२५) विपत, महामारी भएमा उद्धार तथा राहतका लागि तुरुन्त खटी जाने ।

(२६) गाँउपालिका मातहतका विभाग, महाशाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(२७) गढवागाँउपालिका अर्न्तगतका विभाग, महाशाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्यन गरी सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(२८) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(२९) गाँउपालिकाले तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद - ४
## तह विभाजन र पदपूर्ति

**७) पद श्रृजना तथा दरवन्दी खारेज :**

१) गाँउपालिकामा रहने नगर प्रहरीको विभिन्न तहका दरवन्दीहरुको श्रृजना तथा खारेजी गाउँसभाले निर्णय गरे वमोजिम हुनेछ ।

२) श्रृजना तथा खारेजीका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौज्जुदा दरवन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी गाउँसभा समक्ष पेश गर्नु पर्नेछ ।

**८) नगर प्रहरीहरुको शुरु नियुक्ति हुने पदहरु :** नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी नियुक्ति हुनेछ र अरु पदहरुमा बढुवाद्धारा पूर्ति गरिनेछ ।

१) नगर प्रहरी सहायक निरीक्षक

२) नगर प्रहरी जवान

**९) नियुक्ति गर्ने अधिकारी :**पदपूर्ति समितिको सिफारिसमा गाउँपालिकाले नगर प्रहरीको नियुक्ति गर्नेछ ।

**१०) पदपूर्ति गर्ने तरिका :**

१) नगर प्रहरी सहायक निरीक्षक पदमा चालिस प्रतिशत खुल्ला प्रतियोगिताद्वारा र बाँकी बढुवाद्धारा पदपूर्ति गरिनेछ । तर बढुवाद्धारा पदपूर्ति गर्ने उमेदवार नभएमा सो पनि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गरिने छ ।

२) नगर प्रहरी जवान पदमा शतप्रतिशत खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गरिनेछ ।

**११) खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरु :**

(१) नगर प्रहरी सहायक निरीक्षकपदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन् :

क) दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेको र भु.पु को हकमा ४५ वर्ष ननाघेको ।

ख) स्वीकृत विश्वविद्यालयबाट घटीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

घ) कुनै राजनीतिक पार्टीको सदस्य नरहेका ।

ङ) मानवअधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट ३ इन्च उचाई भएको ।

छ) छाती नफुलाउँदा घटीमा ३२ इन्च र फुलाउँदा ३५ इन्च भएको ।

ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

झ) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

ञ) नेपाली नागरिकता प्रमाणपत्र पाएको ।

२) खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता :

क) दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेको र भु.पु को हकमा ४५ वर्ष ननाघेको ।

ख) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरेको ।

ग) नियम ११ को उपनियम १ को ग) देखि ञ) सम्मको न्युनतम योग्यता भएको हुनुपर्ने ।

३) नगर प्रहरी छनौट परिक्षाको प्रारम्भिक स्वास्थ्य परिक्षण र शारिरीक तन्दुरुस्ती सम्बन्धी अन्य व्यवस्था अनुसूची-१ मा तोकिए वमोजिम हुनेछ ।

४) नगर प्रहरी छनौट परिक्षाको पाठ्यक्रम सम्बन्धी व्यवस्था अनुसूची-२ मा तोकिए वमोजिम हुनेछ ।

**१२) पदपूर्ति समिति :**गाँउपालिकाको पदपूर्ति समिति नै नगर प्रहरीहरुको पदपूर्ति समिति हुनेछ । नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा जिल्ला प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१३) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) परीक्षाको किसिम तोक्ने ।

(घ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(ङ) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।

(च) नियुक्तीका लागि सिफारिश गर्ने ।

(छ) लोक सेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ती र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्ने ।

(२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

## १४) योग्यताक्रम सूची तयार गर्ने :

(१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस पेश गर्नेछ । कुल रिक्त पदको बढीमा १५ प्रतिशतसम्म योग्यताक्रमानुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

(२) नियम १४ (१) वमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि पेश गर्नेछ ।

(३) नियुक्तिको लागि सिफारिश भएको मितिले पैतीस दिनभित्र गाँउपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

(४) नियम १४ (३) वमोजिम निर्णय भएको मितिले सात दिनभित्र कार्यकारी अधिकृतले नियुक्तिपत्र दिनेछ ।

## परिच्छेद - ५
## सरुवा तथा वढुवा

**१५) सरुवा सम्बन्धी व्यवस्थाः** नगर प्रहरी सहायक निरिक्षक कर्मचारीको सामान्यतया वर्षको एक पटक गाउँकार्यपालिकाको सिफारिसमा कार्यकारी अधिकृतले सरुवा गर्नेछ । अन्य नगर प्रहरी कर्मचारीहरुको सरुवा कार्यकारी अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ ।

**१६) वढुवा गर्ने अधिकारी**ः पदपूर्ति समितिको सिफारिस तथा गाउँकार्यपालिकाको समर्थनमा गढवा गाँउपालिकाको पदपूर्ति समितिको संयोजकले बढुवा गर्नेछ ।

**१७) वढुवाको लागि सम्भाव्य उम्मेदरवार बन्ने अवधि :**

(१) नगर प्रहरी हवल्दारदेखि नगर प्रहरी सहायक निरीक्षकसम्म एकतह मुनिको पदमा कम्तिमा पाँच वर्षको अवधि पुगेको साथै दोस्रो पटकको बढुवाको लागि पहिलो पटक बढुवा भएको पदमा कम्तिमा आठ बर्षको अनुभव हुनुपर्नेछ ।

## परिच्छेद - ६
## गाँउपालिकाको प्रशासन र नगर प्रहरीको सम्वन्ध

**१८) गाँउपालिका प्रशासनको नियन्त्रण रहने :**नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा वाहेक समस्त नगर प्रहरी गाँउपालिकाको कार्यकारी अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**१९) नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने :**गाँउपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुखमार्फत नै गर्नुपर्नेछ ।

**२०) कारवाही गर्दा परामर्श लिनेः** कुनै पनि नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ ।

## परिच्छेद - ७
### विदा

**२१) विदा अधिकारको कुरा होइन**

(१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरी विदा दिने अधिकारीले आफनो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा वसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

(३) विदा : वर्षमा १२ दिन मात्र (सट्टा बिदा बाहेक)

२२) **सट्टा विदा**: कुनै पनि सार्वजनिक विदाको दिन डयूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो ़ मिलाई सम्वन्धित कार्यालय प्रमुखले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा सात दिनभन्दा वढी हुने छैन ।

२३) **विदा दिने अधिकारी:** नगर प्रहरी प्रमुखको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतलाई विदा दिने अधिकार हुनेछ ।

२४) **कार्यालयमा अनुपस्थित हुने उपर कारवाही :**विदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

## परिच्छेद ८

### आचरण

२५) **दान उपहार लिन नहुने :** आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले गाँउपालिकाको पूर्व स्वीकृत विना कुनै संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपकार स्वीकार गर्नु हुदैन ।

२६) **चन्दा लिन नहुने :** कुनै नगर प्रहरी कर्मचारीले गाँउपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

२७) **सम्पत्तिको विवरण दिनुपर्ने :** (१) वहालमा रहेको नगर प्रहरी कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र र नयाँ नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र गाँउपालिकाले तोकिएको कर्मचारी समक्ष देहायको सम्पत्तिको विवरण दाखिला गर्नु पर्ने छ ।

१. आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण ।

२. आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहररात, सुन, चाँदीको अन्दाजी मूल्य ।

३. उपनियम १ वमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफनो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पत्तिको विवरण दाखिला गर्नुपर्नेछ ।

४. आफनो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिना भित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

२८) **व्यापार व्यवसाय गर्न नहुने :** कुनै पनि नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृती वेगर देहायका काम गर्नु हुँदैन :

१. कुनै व्यापार गर्न

२. कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

३. कुनै व्यवसाय चलाउन ।

**२९) गाँउपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने** : नगर प्रहरी कर्मचारीले गाउँपालिकाद्धारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय निकाय वा गैह्रसरकारी संघ संस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुदैन ।

**३०) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने :** नगर प्रहरी कर्मचारीले गाँउपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोद्धारा प्रसारण गर्न हुँदैन ।

तर यस्तो प्रकाशन वा प्रसारण साहित्यिक, कलात्मक, ऐतिहासिक अथवा वैज्ञानिक र व्यवसायिक विषयको भएमा यस्तो स्वीकृती लिई रहनु पर्दैन र प्रकाशन वा प्रसारण गरेपछि जाहेरी गर्नुपर्दछ ।

**३१) गाँउपालिकाको आलोचना :** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा गाँउपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी अथवा गाँउपालिका र गाँउबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

**३२) निर्वाचनमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुदैन ।

तर कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुनवमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्नेछैन ।

**३३) राजनीतिमा भाग लिन नहुने :** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन ।

**३४) समय पालन र नियमितता :** नगर प्रहरी कर्मचारीले ठिक समयमा तथा नियमित रुपमा आफ्नोपालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले विदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन ।

**३५) अनुशासन र आज्ञापालन** : (१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ ।

(२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ ।

(३) नगर प्रहरी कर्मचारीले आफूभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ ।

**३६) नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने :** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन ।

**३७) बहुबिबाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः** नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको बिपरीत हुने गरी बिबाह गर्नु गराउनु हुँदैन ।

## परिच्छेद - ९
## सजाय र पुनरावेदन

**३८) सजाय :** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ :

१. नसिहत दिने ।

२. शारीरिक थकाई हुने (फटिक) सजाय गर्ने ।

३. तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

४. तल्लो तहमा घटुवा गर्ने ।

५. लापरवाही गरी गाँउपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

६. भविष्यमा स्थानीय निकायमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

७. भविष्यमा स्थानीय निकायमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**३९) नसिहत दिने वा प्रतिकूल राय लेख्ने :** नगर प्रहरी कर्मचारीले काममा साधारण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिँदा पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**४०) तलब वृद्धि वा पदोन्नति रोक्ने :** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**४१) दर्जा र तलब घटाउने** : कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलको तल्लो स्केलमा ओराल्न सक्ने र गढवागाँउपीलकालाई हानि नोक्सानी पुऱ्याएकोमा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्वन्धी विनियम उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको पाँच वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**४२) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने** : देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

ख) राजनीतिमा भाग लिएमा

ग) वरावर अनुशासनहीनताको काम गरेमा

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा

च) भ्रष्टाचार गरेमा

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

**४३) सजाय सम्बन्धी कार्यविधि :**

(१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिँदा लगाइएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्वन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्वन्धमा यस विनियमवमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछैन ।

३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचबुझ गराउन सक्नेछ । जाँचवुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

४) कुनै नगर प्रहरी कमचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।

४४) **सजायको आदेश दिने :** जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निजसित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएका स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

## परिच्छेद १०

### तलब, भत्ता

**४५) तलब भत्ता :** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा वढुवा भएको मितिदेखि तलब भत्ता पाउने छ । तलव र राशन भत्ता नेपाल प्रहरीले पाउने सुविधालाई आधारमा वा गढवा गाउँसभाले निर्णय गरेबमोजिम हुनेछ ।

## परिच्छेद ११

### कायम मुकायम र कार्यवाहकको व्यवस्था

**४६) निमित्त भई काम गर्ने व्यवस्था :**

(१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना नबढ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबभन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन ।

(२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ ।

**४७) काम गरेको अवधिको तलब भत्ता** : (१) कुनै पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र राशन पाउने छ तर पन्ध्र दिनभन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा एक तह नबढ्ने गरी कार्यवाहक वा निमित्त भई काम गरेवापत तलब भत्ता र राशन दिइने छ ।

## परिच्छेद १२

### तालिम

**४८) तालिम को व्यवस्था** : (१)नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन गढवागाँउपालिकाले तोकिए वमोजिमको आवश्यकतानुसार अन्य तालिमहरु पनि दिन सकिनेछ ।

(२) तालिम संचालन हुने स्थानगाँउपालिकाले तोकिएको स्थानमा हुनेछ ।

(३) तालिमको अवधिनगर प्रहरी सेवाको सबै जवानहरुको तालिमको अवधि गढवागाँउपालिकाले तोकेको पाठयक्रम अनुसार हुनेछ ।

४९) **तालिमको अनिवार्यता :** (१) नगर प्रहरी सेवामा रहेका सबै नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसार तालिम लिन अनिवार्य हुनेछ । यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यावसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ ।

(२) व्यावसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ । त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ ।

**५०) तालिमको पाठयक्रम** : विभिन्न तालिमहरुको पाठयक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ ।

**५१) प्रशिक्षार्थीले पाउने सुविधा :** (१) प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जाँदाको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ ।

(२) राशन पाउने नगर प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरीले पाए सरह वा गाउँपालिकाले निर्णय गरे अनुसारको राशन र भत्ता दिन सकिने छ ।

**५२) प्रारम्भिक पोशाक :**(१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई गाउँकार्यपालिकाको कार्यालयबाट प्रारम्भिक पोशाक वितरण गरिनेछ ।

(२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक गढवागाँउपालिकाले दिनेछ ।

**५३) तालिममा सामेल गराउने संख्या :**नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन् ।

**५४) प्रशिक्षण भत्ता**ः (१) राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ ।

(२) अतिथि प्रशिक्षकहरुको पारिश्रमिकगाँउपालिकाले तोकिए बमोजिम हुनेछ ।

**५५) आन्तरिक तालिम :**एकै पटक नियुक्ति भएमा वा वढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद १३

## पोशाक

**५६) नगर प्रहरी पोशाक :**नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण कार्यकारी गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५७) प्रारम्भिक पोशाक र सामान :**प्रत्येक नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनछ ।

**५८) जाडो मौसमका लागि दिइने पोशाक**: प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ ।

**५९) तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा :**नगर प्रहरी कर्मचारीलाई अनुसूचिमा उल्लेख भएबमोजिमको तयारी पोशाक वितरण गर्न नसकिएको अवस्थामा स्थानीय दर रेट वमोजिम रकम रकम दिइनेछ ।

## परिच्छेद १४

## विविध

**६०) विभागीय आदेश र निर्देशन :**ऐन र यस नियमावलीको परिधिभित्र रही देहायका विषयमा नगर प्रहरी प्रमुखले कार्यकारी अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(क) कार्यमा छिटो छरितोपन ल्याउने विषय

(ख) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्न विषय

(ग) मातहत कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय

(घ) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय

(ङ) विभागीय अनुशासन सम्वन्धी व्यवस्था

**६१) पुरस्कार :**देहायका पदाधिकारीहरुले आफनो रआफना मातहत काया् लयका नगर प्रहरी कर्मचारीहले आफ्नो कर्तव्यपालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न सक्नेछन् :

**६२) दशै खर्च पाउने :**नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष घटस्थापनको पन्ध्र दिन अगाडि दशै खर्चको रुपमा पाउनेछ ।

**६३) अन्य सुविधा तथा व्यवस्था :**(१) गढवागाँउपालिकाले नगर प्रहरी कर्मचारीहरुलाई दिईने सुविधाहरु तोके बमोजिम हुनेछ ।

(२) हाल करार सेवामा रहेका कर्मचारीहरुको हकमा यो नियममा जुन सुकै कुरा लेखिएको भए तापनि नियम जारी भएपछि हुने पहिलो नगर प्रहरी जवान पदको खुल्ला विज्ञापनमा एक पटकलाई भाग लिन उमेरको हद लाग्ने छैन ।

**६४) बाधा अड्काउ फुकाऊः**गढवागाँउपालिका कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र संचालन यस नियमावलीमा व्यवस्था भएको हदसम्म यसै नियमावली बमोजिम हुनेछ । यस नियमावलीमा व्यवस्था नभएका विषयहरुको हकमा नेपाल प्रहरी नियमावली, २०७१ बमोजिम हुनेछ र सो नियमावलीमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ ।

**६५) नियमावली संशोधन :**यस नियामवलीमा आवश्यक संशोधन गढवागाँउपालिकाको गाँउसभाबाट गर्न सकिनेछ।

अनुसूची- १

(नियम ११ को उपनियम ३ सँग सम्बन्धीत)

**<u>प्रारम्भिक स्वास्थ्य परिक्षा र शारिरीक तन्दुरुस्ती सम्बन्धी व्यवस्था</u>**

**परिक्षाको किसिम**

**कुल पूर्णाङ्क :२००**

| **क्र.सं.** | **चरण** | **विवरण** | **पूर्णाङ्क** | **उत्तिर्णाङ्क** |
|---|---|---|---|---|
| १. | प्रथम चरण | प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा | - | - |
| | | शारीरिक तन्दुरुस्ती परीक्षण परीक्ष | १०० | ४० |
| २. | दोस्रो चरण | लिखित परीक्षा | ७५ | ३० |
| ३. | तेस्रो चरण | अन्तर्वार्ता परीक्षा | २५ | - |

## १. प्रथम चरण

### क) प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षा

प्रारम्भिक स्वास्थ्य परीक्षण परीक्षामा अयोग्य हुने अवस्थाहरु

१) अंगभंग /कुरुप देखिने

२) हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको

३) घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएका (K2 र K2 ) भन्दा माथिको

४) धेरै चेप्टो पैताला भएको

५) प्रष्ट बोली नभएको

६) लठ्यौरो

७) ढाड कुप्रो भएको

८) शरीर पुरा झुकाउन नसक्ने

९) जिउ कोल्टे परेको (वाडो शरीर भएको)

१०) दुवी भएको

११) कपाल झरेको, फुलेको वा रंगाएको

१२) लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) कम्तीमा ५० के.जी पुरुष र ४५ के.जी महिला

१३) आँखा डेढो भएको

१४) कुनै एक आँखा चिम्लन नसक्ने

१५) उचाई अनुसार हुनु पर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको

१६) शरीर मोटो तथा हात खुट्टा झिनो देखिने

१७) अनुहारमा अस्वाभाविक दागहरु भएको

१८) शरीरको बाहिर देखिने भागमा ट्याटु मार्क बनाएको

१९) २ वटा भन्दा बढी दाँत किराले खाएको वा झरेको

२०) भेरिकोच वा नशा फुल्ने भएका

२१) नियमावलीको नियम ११ (क) बमोजिमको योग्यता नपुगेको

### ख) शारीरिक तन्दुरुस्ती परीक्षा

| ईभेन्टस्को नाम | पूर्णाङ्क | उत्तिर्णाङ्क | उच्चतम तथा न्यूनतम समय सीमा | |
|---|---|---|---|---|
| | | | पुरुषको लागी (उच्चतम तथा न्यूनतम) | महिलाको लागि (उच्चतम तथा न्यूनतम ) |
| ३०० मिटर दौड | २०.०० | ८.०० | ४५ सेकेण्ड - ५६ सेकेण्ड सम्म | ५५सेकेण्ड - ६७ सेकेण्ड सम्म |
| ३.२ कि.मी (२ माईल) दौड | ३०.०० | १२.०० | १४ मिनेट - १८ मिनेट सम्म | १८ मिनेट - २२ मिनेट सम्म |
| लङ जम्प | १०.०० | ४.०० | १५ फिट - ११ फिट सम्म | १३ फिट - ९ फिट सम्म |
| हाई जम्प | १०.०० | ४.०० | ४.५ फिट - ३ फिट सम्म | ३.५ फिट - २ फिट सम्म |
| सीट अप | १०.०० | ४.०० | २० पटक - १२ पटक सम्म | १५ पटक - ५ पटक सम्म |
| पुस अप | १०.०० | ४.०० | २० पटक - १० पटक सम्म | १४ पटक - ४ पटक सम्म |
| चिन अप | १०.०० | ४.०० | १२ पटक - ५ पटक सम्म | ३ पटक - १ मिनेटसम्म झुण्डिन सक्ने |
| कुल जम्मा | १०० | ४० | | |

**नोट : कुनै पनि ईभेन्ट्समा अनुत्तिर्ण हुने उम्मेदवारहरु लाई सो भन्दा पछि हुने इभेन्ट्समा सहभागी गराईने छैन .**

अनुसूची- २

(नियम ११ को उपनियम ४ सँग सम्बन्धीत)

**गढवा गाउँपालिका नगर प्रहरी पदको पाठ्यक्रम**

## २. दोस्रो चरण : लिखित परीक्षा योजना

| खण्ड | विषय | अङ्कभार | पूर्णाङ्क | उत्तिर्णाङ्क | परिक्षा प्रणाली | प्रश्न संख्या र अंकभार | समय |
|---|---|---|---|---|---|---|---|
| क | नेपाली रचना | १० | ७५ | ३० | विषयगत | नेपाली लेखन<br>२ प्रश्न×५ अङ्क : १० | २ घण्टा |
| ख | अंग्रेजी | ५ | | | | २ प्रश्न×२.५ अङ्क : १० | |
| ग | गणित | १० | | | | ५ प्रश्न×२ अङ्क : १० | |
| घ | सामान्य ज्ञान | ५० | | | वस्तुगत : बहुबैकल्पिक प्रश्न | सामान्य ज्ञान<br>५० प्रश्न×१ अङ्क : ५० | |

# लिखित परीक्षाको पाठ्यक्रम

**पूर्णाङ्क :७५** **समय :२ घण्टा**

**उत्तिर्णाङ्क :३०**

**खण्ड "क" नेपाली -१० अङ्क**

१. नेपाली लेखन लामो उत्तर (२ प्रश्न×५ अङ्क :१०)

क) राष्ट्रिय गान

ख) चिठ्ठी लेखन /निवेदन

**खण्ड "ख" अंग्रेजी -५ अङ्क** (२ प्रश्न×२.५ अङ्क :१०)

a. Simple sentence making

**खण्ड "ग" गणित -१० अङ्क** (५ प्रश्न×२ अङ्क :१०)

क) जोड
ख) घटाउ
ग) भाग
घ) गुणन
ङ) प्रतिशत
च) अंक र अक्षरमा लेखन
छ) साधारण व्याज

**खण्ड "घ" सामान्य ज्ञान -५० अङ्क** ( ५० प्रश्न×१ अङ्क :५० )

क) नेपालको ऐतिहासिक सम्बन्धी सामान्य जानकारी

- ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु ।
- किराँत, लिच्छवी, मल्ल र नेपालको आधुनिक इतिहास ।

ख) नेपालको भुगोल सम्बन्धी ज्ञान

- क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ।
- नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।
- नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।
- नेपालमा पाइने वन तथा वनस्पति ।
- संरक्षित जनावर तथा जडिबुटी ।
- नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।

ग) नेपालको प्रचलित धर्म, भाषा, संस्कृति जातजाती र जनसंख्या सम्बन्धी ज्ञान

घ) नेपालको वर्तमान संविधान (जारी मिति, भाग, धारा र अनुसूची संख्या)

ङ) ट्राफिक सम्बन्धि (ट्राफिक चिन्ह, सडक संकेत र ट्राफिक नियम)

च) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद र मानवअधिकार

**३. तेस्रो चरण**

**अन्तर्वार्ता परीक्षा** २५ अकं

आज्ञाले
अम्मर राज शर्मा